# बीमकको लेखा परिक्षकको विस्तृत प्रतिवेदन

# (**Long Form Audit Report**) मा

# समावेश हुनुपर्ने न्यूनतम बुँदाहरु

बीमा ऐन, २०४९ को दफा २५ बमोजिम बीमकको लेखा परीक्षण गर्ने लेखा परिक्षकले कम्तिमा देहायका बुँदाहरु समावेश भएको लेखा परिक्षकको बिस्तृत प्रतिवेदन बीमक तथा बीमा समिति समक्ष पेश गर्नुपर्ने गरी सोही ऐनको दफा ८ को खण्ड (ङ) र (च) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले आधारहरु तोकि दिएको छ ।

१. लेखा परीक्षण योजना सहित न्यूनतम देहायका व्यहोरा खुलाउनु पर्ने :

क) लेखा परिक्षक फर्म तथा लेखा परिक्षकहरु स्वतन्त्र रहेको उद्घोषण

ख) लेखा परिक्षकले अवलम्बन गरेको लेखा परीक्षण सम्बन्धी मापदण्ड

ग) लेखा परीक्षण टोलीको संरचना

घ) लेखा परीक्षणको अवधि

२. लेखा परीक्षण प्रकृया र विधिका सम्बन्धमा न्यूनतम देहायका व्यहोरा खुलाउनु पर्ने :

क) आन्तरिक लेखा परीक्षण तथा अघिल्लो लेखा परीक्षणको समिक्षा,

ख) लेखा परीक्षणको जोखिम मूल्याङ्कन तथा सोको न्यूनीकरणका लागि अपनाएको उपायहरु

ग) लेखा परिक्षणको गुणस्तर कायम गर्न अपनाएको कार्यविधि

३. अवलम्बन गरिएको नमूना छनौट (Sampling) विधि र छनौट गरिएको नमूनाको आकार (Size)

४. लेखा परीक्षण योजना कार्यान्वयन सम्बन्धमा कम्तिमा देहायका व्यहोरा खुलाउनु पर्ने :

क) लेखा परीक्षण गर्दा आई परेका कठिनाईहरु

ख) लेखा परीक्षणको सीमितता

ग) लेखा परीक्षण योजना बमोजिम लेखा परीक्षण कार्य भए/नभएको

५. बीमकको देहायका जोखिम व्यवस्थापन प्रणाली (Systems) सम्बन्धमा लेखा परिक्षकको राय खुलाउनु पर्ने :

क) बीमा जोखिमाङ्कन व्यवस्थापन प्रणाली

ख) पुनर्बीमा व्यवस्थापन प्रणाली

ग) लगानी तथा कर्जा व्यवस्थापन प्रणाली

घ) बीमा दावी व्यवस्थापन प्रणाली

ङ) बजार व्यवस्थापन प्रणाली

च) मानव संसाधन व्यवस्थापन प्रणाली

छ) समग्रमा जोखिम व्यवस्थापन प्रणाली

६. बीमकको देहायका आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा लेखा परिक्षकको राय खुलाउनु पर्ने :

क) अडिट कमिटीको प्रभावकारिता ।

ख) आन्तरिक लेखा परीक्षण कार्यको प्रभावकारिता ।

ग) आन्तरिक लेखा परिक्षक तथा अघिल्लो लेखा परीक्षण प्रतिवेदनले औल्याएका कैफियतहरुमा सुधार भए/नभएको ।

घ) बीमा समितिको निरीक्षण प्रतिवेदनले औंल्याएका कैफियतहरु सुधार भए/नभएको ।

(ङ) कर्जा नियन्त्रण प्रणालीको प्रभावकारिता ।

च) लगानी नियन्त्रण प्रणालीको प्रभावकारिता ।

छ) शाखाको कारोबार नियन्त्रण प्रणालीको प्रभावकारिता ।

ज) बीमा जोखिमाङ्कन नियन्त्रण प्रणालीको प्रभावकारिता ।

झ) पुनर्बीमा नियन्त्रण प्रणालीको प्रभावकारिता ।

ञ) बीमा दावी नियन्त्रण प्रणालीको प्रभावकारिता ।

ट) खर्च सम्बन्धी प्रक्रिया नियन्त्रण प्रणालीको प्रभावकारिता ।

ठ) स्थिर सम्पत्ति नियन्त्रण प्रणालीको प्रभावकारिता ।

ड) व्यवस्थापन सूचना नियन्त्रण प्रणालीको प्रभावकारिता ।

ढ) सूचना प्रविधी नियन्त्रण प्रणालीको प्रभावकारिता ।

ण) अन्तर विभाग/शाखा सूचना नियन्त्रण प्रणालीको प्रभावकारिता ।

त) शाखा हिसाब नियन्त्रण प्रणालीको प्रभावकारिता ।

थ) जालसाजी वा अनियमितता नियन्त्रण प्रणालीको प्रभावकारिता ।

द) आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अन्य विषय ।

ध) समग्रमा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता ।

७. बीमकको लेखा सम्बन्धी नीति बमोजिम भए/नभएको सम्बन्धमा लेखा परिक्षकको राय ।

८. बीमकको व्यवसायको प्रकृति अनुसार लेखा सम्बन्धी नीति उपयुक्त रहे/नरहेको सम्बन्धमा लेखा परिक्षकको राय ।

९. बीमकको लेखा नीतिमा परिवर्तन भएको कारणले मुनाफामा परेको असर सम्बन्धमा लेखा परिक्षकको राय ।

१०.बीमकको सम्पत्तीको गुणस्तर तथा व्यवस्थापन सम्बन्धमा लेखा परिक्षकको राय ।

११. बीमकको Net worth लगायत समग्र बित्तीय स्थितिको बारेमा लेखा परिक्षकको राय ।

१२. बीमकले पर्याप्त व्यवस्था नगरेको दायित्व (Unfunded Liabilities) रहे नरहेको बारेमा लेखा परिक्षकको राय ।

१३.बीमकको संस्थागत सु-शासन सम्बन्धमा न्यूनतम देहायका व्यहोरा खुलाउनु पर्ने :

क) बीमकको व्यवसायको प्रकृति अनुरुप उपयुक्त नीति, योजना तथा निर्देशिकाहरु भए/नभएको ।

ख) बुँदा (क) बमोजिमको नीति, योजना तथा निर्देशिकाहरु कार्यान्वयन भए/नभएको ।

ग) बीमकको संचालक, प्रमुख व्यवस्थापक तथा अन्य कर्मचारीहरुको लागि आचार संहिता भए/ नभएको ।

घ) बीमकको संस्थापक, संचालक तथा उच्च व्यवस्थापकहरुसंग सम्बन्धित व्यक्ति वा संस्था पहिचान गर्ने प्रभावकारी संयन्त्र रहे/नरहेको ।

१४.बीमकको संस्थापक शेयर बिक्री वा हस्तान्तरण सम्बन्धमा कम्तिमा देहायका व्यहोरा खुलाउनु पर्ने :

क) प्रचलित कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी शेयर बिक्री वा हस्तान्तरण भए/नभएको ।

ख) निषेधित अवधि भित्र संस्थापक शेयर बिक्री वा धितो बन्धकमा भए/नभएको ।

ग) संस्थागत संस्थापक भएको अवस्थामा निषेधित अवधि भित्र त्यस्तो संस्थाको स्वामित्व हस्तान्तरण भए/नभएको ।

१५. बीमकले पालना गर्नु पर्ने कानूनी व्यवस्थाहरुको पालना गरे नगरेको सम्बन्धमा कम्तिमा देहायका व्यहोरा खुलाउनु पर्ने :

अ) बीमा ऐन, २०४९ को दफा १४, १५, १९, २०, २२, २७ र २८ का व्यवस्थाहरु ।

आ) बीमा नियमावली, २०४९ को नियम १२, १३, १६, १७, ३१/३२, ३३क र ३६ख का व्यवस्थाहरु ।

इ) बीमा समितिको निर्देशिका, आदेश, निर्देशन तथा मापदण्डहरु ।

ई) कम्पनी ऐन, २०६३ का सम्बन्धित दफाहरु

उ) अन्य सम्बन्धित कानूनी व्यवस्थाहरु

१६. लेखा परिक्षकले आफ्नो अन्तिम प्रतिवेदनमा कुनै विषयमा reservation/qualification/adverse remark व्यक्त गरेको भए सोको विवरण र कारण खुलाउनु पर्ने ।

१७. लेखा परिक्षकले बीमकको समष्टिगत तथ्य तथा स्थितिको मूल्याङ्कन गरी आफ्नो विवेक र पेशागत इमान्दारिता प्रयोग गरी आवश्यक देखिएका अन्य व्यहोरा खुलाउनु पर्ने ।